# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।२७ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी धनञ्जय आचार्यसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **सामाजिक विकास कार्यालय, डोल्पाका तत्कालीन कार्यालय प्रमुख धनञ्जय आचार्य** समेतका प्रतिवादीहरु उपर जिल्ला डोल्पा, ठुलीभेरी न.पा. ३ स्थित दुनै सदरमुकाममा कभर्डहल तथा खेलमैदान निर्माण कार्यमा सम्झौता बमोजिम कार्य भएको भनी गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र झुट्टा बिल तयार गरी गराई फिल्डमा हुँदै नभएको कामको समेत भुक्तानी लिए दिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा रु. ९,९३,९४०।८० बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०३।३० को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०३।२७ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल